स्थानिय सरकार

फतुवा विजयपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ(दो.)रौतहट

मधेश प्रदेश, नेपाल

पत्र.स.:-२०८२/०८३

चलानी नं:-१२२

मितिः-२०८२/०५/१० गते

**बिषयः-महामारी सम्बन्धमा ।**

*श्री आदरणीय नगरबासीहरु*

*फतुवा विजयपुर नगरपालिका , रौतहट ।*

*उपरोक्त सम्बन्धमा बिगत केहि दिन देखि बिरगंज महानगरपालिका पर्साको बिभिन्न वडामा हैजा/झाडापखाला रोगको बिरामीहरु बढ्दो क्रममा देखिएकोले कुरा सर्व बिदितै छ । फतुवा विजयपुर नगरबासीहरुको आवतजावत बिरगंज बाक्लो हुने गरेको हुदाँ सो रोग यस नगरपालिकामा हुन सक्ने अवस्था आउँन नदिन हाललाई नगई नहुने अवस्था बाहेक बिरगंज नजान आम नगरबासीमा हार्दिक अनुरोध छ ।*

## *हैजा तथा झाडापखाला लगायत पानीजन्य रोगहरुबाट बच्न स्वस्थ व्यवहार अपनाऔं*

- *उमालेर वा क्लोरिन झोल हालेर शुद्धीकरण गरिएका पानी मात्र पिऔं ।*
- *खानेपानीलाई सधैं सफा भाडामा ढाकेर राखौं । सफा भाँडाले मात्र खानेपानी निकालौं।*
- *खानेकुरालाई राम्ररी पकाएर खाऔं।सडेगलेको बासी र झिंगा भन्केका खानेकुरा नखाने ।खानेकुरा सफा भाँडाले ढाकेर राखौं ।*
- *खाना बनाउनु अघि खाना खानु वा खुवाउन अघि दिशापिसाब गरेपछि वा बालबालिकाको दिशा धोएपछि,फोहर चलाएपछि, घर वा कार्यालय छिर्न अघि बाहिरि समान छोएपछि साबुन पानीले कम्तिमा २० सेकेन्ड मिचिमिची हात धोऔं,*
- *साबुन पानी उपलब्ध नभएमा स्यानीटाइजर प्रयोग गरौं ।*
- *दिशापिसाब चर्पीमा मात्र गरौं र बालबालिकाको दिशापिसबलाई पनि चर्पीमा नै फ्याँकौं ।*
- *झाडापखाला भै हालेमा तुरुन्त पुर्नजलीय झोलसंगै प्रशस्त मात्रामा पोषिलो झोलिलो खानेकुरा खाऔं ।*
- *हैजा तथा झाडापखालाका लक्षणहरु देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।*

.............................

उपेन्द्र प्रसाद साह

नि. प्रमुख प्रशासकीय अधिकृत